# बिदेशीहरुको लागी बिपदकालको रोकथाम पुस्तिका

~ अहिले देखि नै तयारी गर्नुहोस् ~



फुकुओका केन

यस पुस्तकमा बिपदको समयमा मानिसहरुले के गर्नु पर्दछ भन्ने कुराको जानकारी गरिएको छ ।
बिपदकाल भन्नाले भुकम्प, वर्षा, तुफान, पहिरो, आगलागी ईत्यादी पर्दछन।

⚠ सही सुचना वा जानकारी संकलन गरौं ।

⚠ बिपदको अवस्थामा, पानी, बिधुत तथा ग्यासको आपुर्ति रोकिन पनि सक्दछ ।

⚠ जोखिमको समयमा सुरश्रित सिबिरमा जाने गरौ ।

⚠ धेरै जोखिम युक्त ठाँउहरु पनि हुन सक्दछन ।

⚠ जब बिपद पर्दछ वा घट्दछ, सडक तथा रेल यातायात रोकीन पनि सक्दछन ।

⚠ यातायात सुबिधा अबरुद्ध भयो भने तुरुन्तै तपाईको स्वदेश जाने उडानहरु नपाईन पनि सक्दछन।

⚠ बिपदमा पर्नु भएका ब्यक्तिले सहायता प्राप्त गर्नको लागि आफु बिपदमा परेको पिडित प्रमाण पत्र लिनु पर्नेछ ।


⚠ नयाँ ठेगानामा बसाई सर्ने कुरा पक्का भएमा हुलाक कार्यालयमा ठेगाना परिबर्तनको कागजात पेश गर्नु होला ।

⚠ बिपदको समयमा ठगी गर्ने ब्यक्तिसगं सचेत रहनुहोस् ।



# भूकम्पको बारेमा

जापान धेरै भुकम्प जाने देश हो ।
यो कहिले र कहा आउछ भनी कसैलाई थाहा हुदैन ।
ठुलो भुकम्प आईसके पछी, धेरै पराकम्पनहरु आईरहन्छन ।
जमीन हल्लिएर धेरै घर र भवनहरु नष्ट हुन सक्दछ ।
फलस्वरुप, पानी, बिधुत तथा ग्यासको आपुर्ति रोकिन सक्दछ ।
चुनामी समेत आउन सक्दछ ।



जापानमा, तलका नम्वरले कम्पनको तिब्रताको प्रतिनिधित्व गर्दछ ।

| | |
|---|---|
| ३ को तिब्रता | भवनभित्र बसेका मानिसहरुलाई कम्पनको अनुभुती हुन्छ । |
| ४ को तिब्रता | सिलिंगको बत्ती बेस्सरी हल्लिन्छ । |
| ५– को तिब्रता | कपबोर्डमा भएका भाडा र बुकसेल्फमा भएका कितावहरु खस्न सक्दछ । |
| ५+ को तिब्रता | कतै नसमाति हिड्न पनि गाह्रो हुन्छ । |
| ६– को तिब्रता | भित्ताका टायल या झ्यालका सिसा पनि खस्न सक्दछन । |
| ६+ को तिब्रता | फर्निचरहरु पनि सरेर लढ्न सक्दछन । |
| ७ को तिब्रता | आफुले साचे जस्तै हिडडुल गर्न असमर्थ हुन्छन । |

# जब भुकम्प आउदछ

तपाई कोठा भित्र हुनुहुन्छ भने ।


१. टेबल वा डेस्क मुनी लुक्नुहोस्।



२. कम्पन सकीएपछी आगो वलेको भए निभाउने ।




३. ढोका खोलेर बाटो बनाउनु होस् ।



४. खुट्टालाई चोटपटकबाट जोगाउन जुत्ता लगाउनुहोस ।




५. आपतकालीन पोर्टेवल सामान। तयार गर्नुहोस्।



६. सुरक्षाको निश्चीत गरी बाहिर निस्कुनुहोस्।




## सुरश्रित ठाउँमा जाने बेलामा



## बाहिर हुनुहुन्छ भने ।


### स्कुल वा अफिसमा भएमा

बुक सेल्फ वा झ्याल भन्दा टाढा बस्ने, टेबल मुनी लुक्ने ।




### लिफ्टमा भएमा

All floor को बटन दबाई, ढोका खुल्ना साथ बाहिर निस्कने ।




### सुपरमार्केट वा डिपार्टमेन्ट स्टोरमा

कर्मचारीको निर्देशनको पालना गर्ने ।





### बस वा रेलमा भएमा

कर्मचारीको निर्देशनको पालना गर्ने । ढोका बाट बाहिर आउन हतार नगर्ने



### गाडी चलाउदै गर्दा

सडकको किनारा तिर लाग्ने, ईन्जिन अफ गर्ने, र चावी ननिकाली गाडी छोड्ने ।



### भवन नजिकै भएमा

भवन वा खस्न सक्ने बस्तु भन्दा टाढा बस्ने ।



### समुन्द्र नजिकै भएमा

चुनामी वाट बच्न, समुन्द्र भन्दा टाढा अग्लो सुरक्षीत ठाउमा जाने ।



### पहाड नजिकै भएमा


पहाड र चट्टान खस्न सक्ने भएकाले खाली र सुरक्षीत स्थानमा जाने ।



# ठुलो वर्षा / आँधिबेरी भनेको के हो ?

## ठुलो वर्षा

ठुलो वर्षा र तुफान जुन देखि जुलाईको महिनामा आउने सम्भावना हुन्छ। नदिहरुमा अचानक पानीको सतह बढ्ने, घरहरु जलमग्न हुने, जमिन मुनी पानी बगेर बाटो जलमग्न हुनेगर्दछ।
पहाडमा पहिरो जान सक्दछन।




## आँधिबेरी

आँधीबेरी प्राय जुलाई देखि सेप्टेम्बर महिनामा धेरै आउदछ।
अत्यन्तै घना बर्षा हुने, तुफान आउदछ।
नदिहरुमा पानीको सतह बढने र समुन्द्रमा छाल आउदछ।
हावाको तिब्र बेगले गर्दा, साईनबोर्ड र छानामा रहेका टायलहरु उडाउन सक्दछन।
रेल, बस, लगाएतका भुमिगत सार्वजनीक साधनहरु उपलब्ध नहुन सक्दछ।

### हावाको तिब्रता

| | |
|---|---|
| हावाको गती २० m/s | साईनबोर्डहरु उडाउन सक्दछन। |
| हावाको गती ३० m/s | उभिन पनि गाह्रो हुन्छ। |
| हावाको गती ४० m/s | छाना या टायलहरु र जालीको ढोका हरु उडाउन सक्दछन। |




# ठुलो वर्षा / आँधिबेरी आउने बेलामा

## ठुलो वर्षा वा आँधिबेरी आउन अगी गर्ने तयारी


१. घर बाहिर /वरीपरीको तयारी

हावाले उडाउन सकिने चिज जस्तै झ्याल, जालीको ढोकाहरु राम्रोसंग बन्द गरी बधिएको, लक गर्नुहोस् ।




२. पानीको तयारी

धाराको पानी बन्द हुने हुनाले Bath tubमा पनि सफा पानी भरेर राख्ने ।




३. जोखिमपुर्ण ठाउँ भन्दा टाढा बस्ने

नदि, समुन्द्रका किनाराहरु, पहाडका नजीक जोखिमपुर्ण ठाउहरु हुन सक्दछन ।




## ठुलो वर्षा वा आँधिबेरी आउन लाग्दा के गर्ने

१. बिपद सम्बन्धी सबै भन्दा नया समाचार सुन्ने ।




२. बाहिर जाने बेलामा आपलकालीन सामाग्रीको जाँच गर्ने ।



३. बाहिर नजाने ।



४. सुरश्रित ठाउँमा जाने निर्देशनहरको पालना गर्ने

सरकारले सुरश्रित ठाउँमा जान निर्देशन दिना साथ सके सम्म छिटो भन्दा छिटो जाने ।



## पहिरो बिपदको जोखिम


आँधिबेरी र ठुलो वर्षाले माटो मलिलो बनाइ दिने हुदा, पहाडका फेदीहरुमा पहिरो जान सक्दछ ।
यथा सक्य चाडो त्यहाँबाट टाढा जानु होस् ।

### १. पहिरोको प्रवाह

पहाडको ढलानमा रहेका बालुवा तथा ढुङ्गा र नदिको आधार तलतिर बग्दै जान्छ ।

### २. चट्टान खस्ने

भीर बाट एक्कासी माटो खस्न थाल्दछन ।



### ३. भु-क्षय

पहिरोको रासले जमिनको ठुलो क्षेत्रमा बग्दछ ।




**⚠ पहिरो सम्बन्धी सावधान**


पहिरो जाने जोखिम बढदै जादा घोषणा गरिने छ ।

### <परामर्श र चेतावनीहरु (बिपदको सुचना)>

| | |
|---|---|
| ठुलो वर्षा परामर्श र चेतावनी र विशेष अलाम | ठुलो वर्षाका कारण आएको बिपद र बाढी |
| बाढी परामर्श र चेतावनी | अति बृष्टिका कारण नदिहरु अतिप्रवाह हुन्छन |
| तुफान परामर्श र चेतावनी र विशेष अलाम | हावाको तिब्र बहावले ल्याउने बिपद |
| समुन्द्री उच्च लहर परामर्श र चेतावनी र विशेष अलाम | हावाको तिब्र बहावले ल्याउने उच्च लहर |
| उच्च समुन्द्र परामर्श र चेतावनी र विशेष अलाम | तुफानका कारण समुन्द्रको तह बढेर आउने बाढी |



# आगलागी हुने बेलामा



१. 「आगलागी भो (खाजी दा ！)」
भनी ठुलो स्वरमा चिच्याउनुहोस र
वरीपरीका मानिसहरुलाई सर्तक गर्नुहोस ।

२. ११९ मा कल गर्नुहोस् । (आगलागी बिभाग)

आपतकालीन अवस्थामा ११९ मा कसरी कल गर्ने

१. 「आगलागी भो (खाजी देस)」
२. 「अपरेटरलाई तपाईको पुरा ठेगाना दिनुहोस ।」
○ कु ○○ च्योउमे ○ बान ○ गोउ ○○ मान्स्योन
○○○○ भन्दा पछाडी वा वरपर छ ।
३. 「अपरेटरलाई घटेको घट्ना वारे भन्नुहोस ।」
○○○○ आगलागी भइरहेको छ ।
४. 「अपरेटरलाई तपाईको पुरा नाम र सम्पर्क नम्वर दिनुहोस ।」


३. Fire extinguisher को सहायताले आगो निभाउनुहोस ।
यदि Fire extinguisher उपलब्ध छैन भने,
कुसन वा भीजेको कपडाले आगोलाई ढाक्नुहोस ।



⚠तेलराखेको तातो भाडा, तेल तताउने हिटर र
बिधुितीय सामानमा पानी नफ्याकनुहोस ।


Fire extinguisher को प्रयोग कसरी गर्ने ।

① पिन निकाल्नुहोस
▼
② जेट नोजललाई समाउनु होस
▼
③ ३mको दुरी कायम गर्नुहोस
▼
④ लिभरलाई दवाउनुहोस




आवासीय फायर आर्लम

यो आर्लमले धुवा र तातोमा प्रतिकिया गर्दछ ।
कानुन अनुसार फायर आर्लमको जडान गर्नै पर्ने हुन्छ ।



४. भाग्नुहोस ।

यदि आगो छत सम्म पुग्यो भने छिटो भाग्नुहोस् ।



धुवा निकै खतरनाक हुन्छ, किनकी यसमा कार्वन मोनो अक्साईड जस्तो बिषालु ग्यास हुन्छ ।

तपाईको नाक र मुख चिसो रुमाल वा टावेलले छोपी अलिकती झुकेर भाग्नुहोस ।

५. अग्ला भवनहरु अथवा डिपार्टमैंन्ट स्टोरमा, सिढी बाट भाग्नुहोस ।

सिढी बाट छिटो तल जानुहोस, किनकी आगो र धुवा निकै छिटो माथी बढ्छ लिफ्टको प्रयोग नगर्नुहोस ।

६. भवन बाट निस्कीए पछी पुन: भवनमा नजानुहोस ।

## आगोको रोकथाम

### वरीपरी सफा राख्नुहोस

घरवरीपरी कुनै प्रजवलनशिल बस्तु नराख्नुहोस ।




### चुरोट

जलेको चुरोट नछोड्नुहोस ।



### Oil स्टोभ

Oil स्टोभको वरीपरी कुनैपनी प्रजवलनशिल बस्तु नराख्नुहोस ।




### किचनको चुलो

निस्कनु भन्दा पहिले चुलो बन्द गनुहोस ।




### पल्ग

एउटा पल्गमा धेरै तारहरु नजोड्नुहोस ।



### आगो नखेलाउने

लाईटर र सलाई केटाकेटीले भेट्टाउने ठाउमा नराख्नुहोस ।



# सधैंभरी तयार रहनुहोस

१. पारीवारीक सल्लाह गर्नुहोस
भागेर जाने ठाउ र सञ्चार गर्ने तरीका मिलाउनुहोस ।



२. आपतकालीन सामानहरुको जाच गर्नुहोस

३. घर भित्रको तयारी



① घरभित्र भएका फर्निचरहरुलाई extension bar, fall prevention sheet and metal fittings जस्ता औजारले स्थिर गर्ने ।
shatter prevention film झ्याल वा कपबोर्ड मा जोड्ने


② बाटो सुरक्षीत गर्न प्रवेसद्वार वा बाटोहरुमा सामान नराख्ने

③ टर्चलाईट, रेडीयो, प्राथमिक उपचार सामाग्री, आपतकालीन खाना, प्रोटेवल ग्यास जस्ता आपलकालीन सामान तयारी गर्ने

४. घरको सुरक्षा जाँच गर्ने
भुकम्प प्रतीरोधी जाँच र भुकम्प बिरुद्व सुदृढीकरण गर्ने
एनटिना र छतको टायललाई बाध्ने
भत्कीन लागेका कुनै सिमेन्टका भित्ताहरु भए, त्यसको मरमत तथा संभार गर्ने ।



५. छिमेकीहरु संग समनव्य गर्ने
उद्वार गर्ने र भाग्ने वेलामा समुदायको सहयोग आवश्यक पर्दछ ।
तसर्थ छिमेकीहरु संग नियमितरुपमा छलफल, भेटघाट गर्नुका साथै स्थानीए स्तरमा आपतकालीन सहयोगमा सहभागी हुन आवश्यक छ ।




# आपतकालीन सामानको सुची



## प्रोटेवल आपलकालीन सामाग्री

तपाईको आपतकालीन pack मा निम्न सामान हुनु पर्दछ ।
तपाईको झोलालाई ढोकाको छेउमा सहजै पुग्न सक्ने ठाउमा राख्नुहोस ।

| | | | |
|---|---|---|---|
| भोजन इत्यादी | खाने पानी,<br>आपतकालीन खाना<br>(बिस्कुट, क्यान फुड, तयारी खाना)<br>दुध पाउडर, बेबी बोतल, चक्कु, क्यान ओपनर | कपडा | भित्री वस्त्र<br>टावेल<br>रेनकोट<br>न्यानो लुगा |
| औषधी | प्राथमिक उपचारको बक्स<br>औषधी,डाईपर, स्यानीटरी, टिसु पेपर | दैनिक उपभोग्य वस्तु | टर्च लाईट,<br>रेडियो,<br>व्याट्री, ग्लोव,<br>नासवान हिलिङ्ग प्याड,<br>पेन, पलास्टिकको झोला, लाईटर, हेलमेट,<br>प्रोटेक्टिभ हुड |
| महत्वपूर्ण कागजात | नगद, बैक बुक,<br>छाप, मेडीकल कार्ड, परिचय पत्र | | |



## सधै तयार रहनुहोस

केही दिन सम्म बाच्न तपाई निम्न सामानहरु आफु संग राख्नुहोस ।
कम्तिमा ३ दिनलाई पुग्ने सामान तयार गर्नुहोस

| | | | |
|---|---|---|---|
| भोजन इत्यादी | खाने पानी (३ लि./दिन/व्यक्ति)<br>तयारी खाना, क्यान फुड, बिस्कुट, क्र्याकार, चकलेट, मिठाई, दुध पाउडर, प्रोटेवल ग्यास चुलो, ईन्धन, भाडाकुडा, काटा चम्चा, पेपरकप ईत्यादी । | कपडा | टर्च लाईट, रेडीयो, मैनबत्ति, लालटिन, गिलो टिसु, ट्वाईलेट पेपर, कम्वल, सुत्ने झोला, हिलिङ्ग प्याड, पत्रिका, औजारहरु |

# बिपद निवारणको मेमो

## आगलागी बिभाग ११९

आगलागी, घाईते वा बिरामी भएमा





## पुलिस बिभाग ११०



## तपाईको वारेमा

| | |
|---|---|
| नाम: | राहदानी नम्वर: |
| देश: | बिदेशी दर्ता /<br>निवास घर नं. |
| जापानमा ठेगाना: | |
| टेलिफोन नं. | मोवाईल नं. |

**परिवार**

| नाम | टेलिफोन नं. |
|---|---|
| | |
| | |
| | |
| | |

**आफन्त र साथी**

| नाम | टेलिफोन नं. |
|---|---|
| | |
| | |
| | |
| | |

| सम्पर्क | टेलिफोन नं. | सम्पर्क | टेलिफोन नं. |
|---|---|---|---|
| Gas | | Embassy/Consulate | |
| Electricity | | Hospital | |
| | | | |
| | | | |


भाग्ने ठाउ

भागे पछि भेट हुने ठाउ

## सुरक्षित सिबिर (भागेर वस्ने ठाउँ)

घर नजीकैको स्थानीय खाली ठाउँको जाँच गर्नुहोस र त्यहाँ सम्म पुग्ने नक्सा बनाउनुहोस ।
स्कुल, सार्वजनीक हल, सामुदायीक केन्द्र, खाली ठाउँ (भागेर वस्ने ठाउँ) हुन सक्दछन ।
खाली ठाउँले (भागेर वस्ने ठाउँ) खाने र सुत्ने ठाउ प्रदान गर्दछन ।

### नक्सा



# बिपद निवारणको जानकारी/सुरक्षित सिबिर

विपदको जानकारी दिने काउन्टरहरु फुकुओका केन र शहरहरुमा उपलब्ध छन ।
खाली ठाउँ सम्वन्धी जानकारी तपाईले website मा समेत प्राप्त गर्न सक्नु हुन्छ ।



## फुकुओका केन

FukuokaKen BousaiKikikanriKyoku ShoubouBousaiShidouKa
फोन नम्बर ०९२-६४३-३११३ जापानी भाषा मात्र

फुकुओका केन निकासी सहयोग मानचित्र
http://www.bousai.pref.fukuoka.jp/shienmap/index.html

FukuokaKen KokusaikouryuuSenta (Kokusai Hiroba)
Gaikokujin Soudanmadoguchi (गाईकोकुजीन सोउदान माडोगुची)
फोन नम्बर ०९२-७२५-९२०० Japanese, English, Chinese, Korean उपलब्ध छ

## फुकुचु शहर

FukutsuShi SoumuBu BousaiAnzenKa
AnshinAnzenMachidukuriKakari
फोन नम्बर ०९४०-४३-८१०७ जापानी भाषा मात्र

फुकुचु शहर मुख्य पेज
http://www.city.fukutsu.lg.jp

# विपद सम्बन्धी जानकारी/सम्पर्क

## एफ. एम. रेडियो स्टेशन " लभ एफ. एम."

भुकम्प, आधिवेरी, ठुलो बर्षा र अन्य बिपद सम्बन्धी जानकारी बिभिन्न भाषाहरुमा प्रदान गर्दछ। फुकुओका ७६.१ मेगाहर्ज, फुकुओका निशी ८२.५ मेगाहर्ज, किताक्युसु ८२.७ मेगाहर्ज

## विपदको रोकथाम जानकारी - ईमेल सेवा

- बिपद रोकथाम ईमेल सेवा “मामोरु-कुन”, फुकूओका केनबाट गरीएको सेवा हो
- यथार्थ समयमा भुकम्प, चुनामी, आधिवेरी, ठुलो बर्षा र अन्यको अध्यावधीक जानकारी प्रदान गर्दछ ।
- बिपदको बेला तपाई सुरक्षीत हनुहुन्छ भन्ने जानकारी तपाईको परिवार र साथीहरु लाई दिन्छ ।

“मामोरु-कुन” अग्रेजी र जापानीज दुबै भाषामा उपलब्ध छ ।
निम्न URL मा तपाईले “मामोरु-कुन” सेवा दर्ता गर्न सक्नुहुन्छ (नि:शुल्क दर्ता)
English URL http://www.bousaimobile.pref.fukuoka.lg.jp/en/
Japanese URL http://www.bousaimobile.pref.fukuoka.lg.jp/

< English > < Japanese >



©CyberConnect2 Co.,Ltd.

## बिपदमा आपतकालीन सन्देश डायल

बिपदमा आपतकालीन सन्देश डायल, त्यसतो सेवा हो जसले बिपदको बेलामा तपाईलाई सन्देश पठाउन वा सुन्न अनुमती/पहुच दिन्छ ।
तपाईले सार्वजनीक वा मोवाईल बाट फोन गर्न सक्नुहुने छ
※फोन बिदेशमा भने गर्न सकिने छैन ।

### बिपदमा आपतकालीन सन्देश डायल १७१

◆तपाईको सन्देश रेर्कड गर्नु होस्

१७१ - १ - □□□-□□□-□□□□ → स्वर निर्देशन सुनी सन्देश रेर्कड गर्नु होस्
(तपाईको फोन नम्बर)

◆अरुको सन्देश सुन्नुहोस

१७१ - २ - □□□-□□□-□□□□ → स्वर निर्देशन सुनी सन्देश सुन्नुहोस
(अरुको फोन नम्बर)

फुकुओका केन कोकुसाइ क्योकु कोकुसाइ सेइसाकु खा
फुकुओकासी हाकाताकु हिगासी कोउएन ७ बान ७ गोउ
फोन:०९२-६४३-३२०१ फ्याक्स:०९२-६४३-३२२४
जारी अप्रिल २०१७